# REGIONAL NEWS
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS

18:40hrs 15.03.2026

- Review Meeting on Sikkim Film Festival

मुख्यमन्त्री प्रेमसिंह तामाङको अध्यक्षतामा आज सम्मान भवनमा आगामी सिक्किम सिनेमा महोत्सवको तयारीलाई लिएर समन्वय बैठक बस्यो। उन्नाईदेखि बाईस मार्चसम्म गान्तोकमा आयोजना हुने उत्सवको तयारीलाई लिएर बसेको बैठकमा सूचना तथा जनसम्पर्क विभागले महोत्सवका विभिन्न पक्षहरू जस्तै कार्यक्रमस्थल, बजेट, जिम्मेवारीका लागि गठित समितिहरू, व्यवस्थापन तथा कार्यक्रम सूचीबारे विस्तृत जानकारी दियो।
मुख्यमन्त्री श्री तमाङले सम्बन्धित सबै विभागलाई आपसी समन्वयका साथ तयारी कार्य प्रभावकारी रूपमा सम्पन्न गर्न निर्देशन दिनुभयो। उहाँले सिक्किम सिनेमा महोत्सवले राज्यको प्राकृतिक सौन्दर्य, संस्कृति र परम्परालाई अन्तरराष्ट्रिय स्तरमा प्रस्तुत गर्ने महत्त्वपूर्ण अवसर प्रदान गर्ने बताउनुभयो। उहाँले यसका साथै महोत्सव सफल र स्मरणीय बनाउन सबै हितदारकहरूलाई जिम्मेवारीका साथ सक्रिय रूपमा योगदान दिन पनि आग्रह गर्नुभयो।

--------------------------------------X--------------------------------------

- Weather

भारतीय मौसम विज्ञान विभागले सिक्किमका लागि विशेष मौसम बुलेटिन जारी गर्दै पन्द्रदेखि सत्र मार्चसम्म भारी वर्षा र मेघगर्जनसहितको मौसम हुने चेतावनी दिएको छ। मौसम विभागकाअनुसार यस क्षेत्रमाथि सक्रिय भएको पश्चिमी बाधा अथवा Western Disturbance तथा बंगालको खाडीबाट आउने आर्द्रताको प्रभावका कारण सिक्किमका विभिन्न भागमा वर्षा हुने सम्भावना छ।
विभागको पूर्वानुमानअनुसार राज्यका गान्तोक, गेजिङ, नाम्ची र सोरेङ जिल्लामा हल्कादेखि मध्यम वर्षा हुने सम्भावना छ। त्यसैगरी उच्च हिमाली क्षेत्रहरू जस्तै मङ्गन र पाकिम जिल्लामा वर्षासँगै हिमपात हुनसक्ने जनाइएको छ।
यस महिनाको पन्द्र र सोल्ह तारिखका लागि 'यल्लो वार्निङ' जारी गरिएको छ। मौसम विभागअनुसार यस अवधिमा केही स्थानमा भारी वर्षा, मेघगर्जनसहित चट्याङ तथा प्रतिघण्टा तीसदेखि चालीस किलोमिटरको गतिमा हावाहुरी चल्ने सम्भावना रहेको छ। सम्बन्धित निकायले सर्वसाधारणलाई सतर्क रहन र आधिकारिक मौसम सूचनाहरू निरन्तर रूपमा हेर्न अनुरोध गरेको छ।

यसैक्रममा, अहिले साँझ लगभग पाँच बजी अचानक परेको असिना-पानी र हावाहुन्डरीले राज्यभरि क्षति पुऱ्याएको छ। यता पाकिम जिल्लाको नाम्चेबुङ क्षेत्रमा साग-सब्जीको बाली, खेती-पाती र नर्सरीका फूलहरूलाई क्षति पुऱ्याएको समाचार छ।

---------------------------------------X---------------------------------------

- <u>Sikkim Railway</u>

पूर्वोत्तर सीमान्त रेलवेले यसै महिनाको बाह्र तारिक सेवक-रम्फू रेल परियोजनाअन्तर्गत टनल आठमा सफलता हासिल गरेको छ। यो उपलब्धि IRCON International Limited-सितको सहकार्यमा प्राप्त भएको हो।

लगभग चार किलोमिटर लामो रहेको यो टनल, परियोजनाको प्रमुख सुरंगमध्ये एउटा हो, जसको निर्माण चुनौतीपूर्ण भौगोलिक अवस्था र प्रतिकूल मौसमबीच सम्पन्न भएको हो। यससितै सेवक-रम्फू रेल परियोजनाका चौधमध्ये तेह्रवटा सुरंगको कार्य पूरा भएको छ। परियोजनाअन्तर्गत बत्तीस दशमलौ चार किलोमिटर सुरंगमध्ये बाह्रवटा सुरंगको कार्य तथा एक्काइस किलोमिटरभन्दा बढी क्षेत्रमा ब्लास्ट रहित ट्र्याक बिछ्याउने काम पनि सम्पन्न भइसकेको छ।

लगभग चौंवालीस दशमलौ नौं छह किलोमिटर लामो यस रेल मार्गले सिक्किमलाई राष्ट्रिय रेल सञ्जालसँग जोड्नेछ। परियोजना पूरा भएपछि क्षेत्रीय यातायात, आवश्यक सामग्रीको आपूर्ति तथा आर्थिक विकासमा महत्त्वपूर्ण सहयोग पुग्ने अपेक्षा छ।

निर्माण कार्य तीव्र गतिमा अघि बढिरहेको र परियोजना आगामी २०२७-को दिसम्बरसम्ममा सञ्चालनमा ल्याउने लक्ष्य रहेको बताइएको छ।

---------------------------------------X---------------------------------------

- <u>CM WCRD Message</u>

आज विश्व उपभोक्ता अधिकार दिवस हो। मुख्यमन्त्री प्रेमसिंह तामाङले यस अवसरमा सिक्किमका नागरिकहरूलाई शुभकामना व्यक्त गर्नु भएको छ। शुभकामना सन्देशमा श्री तामाङले भन्नुभएको छ, उपभोक्ता अधिकारको संरक्षण तथा निष्पक्ष, पारदर्शी र उत्तरदायी बजार व्यवस्थाको प्रवर्द्धन गर्नु सबैको साझा जिम्मेवारी हो। यसमार्फत उहाँले सुरक्षित वस्तु र विश्वस्त उपभोक्ता सुदृढ अर्थतन्त्रका दुई महत्त्वपूर्ण आधार स्तम्भ भएको उल्लेख गर्नुभयो।

मुख्यमन्त्रीले जानकारी दिँदै भन्नुभएको छ, खाद्य तथा नागरिक आपूर्ति विभागको कानुनी मापविज्ञान प्रभाग तथा उपभोक्ता संरक्षण कक्षले राज्यभरि सुरक्षित वस्तु, पारदर्शी व्यापार अभ्यास तथा नैतिक मापदण्ड सुनिश्चित गर्न निरन्तर काम गरिरहेको छ।

"सुरक्षित वस्तु, विश्वस्त उपभोक्ता" विषय रहेको उपभोक्ता दिवसमा श्री तामाङले नागरिकहरूलाई सचेत र सतर्क रहन आग्रह गर्दै राज्य उपभोक्ता हेल्पलाइन मार्फत गुनासो दर्ता गर्न सकिने जानकारी पनि दिनुभयो।

---------------------------------------X---------------------------------------

- <u>Sikkim Film</u>

सिक्किमको फिल्म शेप अफ मोमो-ले अन्तरराष्ट्रिय फिल्म समारोहमा लगातार सफलता हासिल गरिरहेछ। यो सिनेमा ग्लासगो फिल्म उत्सवमा प्रदर्शनपछि अब यसको चयन यूरोपका विभिन्न अन्य फिल्म महोत्सवमा पनि गरिएको छ।

---------------------------------------X---------------------------------------

- <u>District Level Sports Meet</u>

गान्तोकमा जिल्ला स्तरीय खेलकुद प्रतियोगिता २०२५–२६ सम्पन्न भयो। MY Bharat गान्तोकद्वारा भारत सरकारको खेलकुद तथा युवा मामिला मन्त्रालयअन्तर्गत आज बोझोघारी खेलमैदानमा आयोजित प्रतियोगिता जिल्ला युवा कार्यालय, राष्ट्रिय सेवा योजना तथा विभिन्न युवा र खेलकुद क्लबहरूको सहकार्यमा सम्पन्न भएको हो।

एक सयभन्दा बढी युवा तथा खेलाडीहरूको सहभागिता रहेको प्रतियोगितामा फुटबल, भलिबल तथा एथलेटिक्सजस्ता विभिन्न खेल विधामा प्रतिस्पर्धा भयो।

कार्यक्रमका प्रमुख अतिथि सिमफेडका अध्यक्ष तेञ्जीङ दोर्जी भोटियाले युवाहरूलाई खेलकुदतर्फ अग्रसर हुन अनि स्वस्थ जीवनशैली अपनाउन प्रेरित गर्नुभयो। उहाँले सबैलाई शारीरिक रूपमा स्वस्थ, मानसिक रूपमा सबल र भावनात्मक रूपमा सन्तुलित रहेर सकारात्मक जीवनशैली अपनाउन आह्वान गर्दै फिटनेस तथा खेलकुदको शपथ दिलाउनुभयो।

---------------------------------------X---------------------------------------

---------------------------------------X---------------------------------------